स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/८१
च.नं.: १३३८

मिति : २०८०/१२/०९

श्री प्रमुख ज्यू,
स्थानीय तह सबै (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका)
बागमती प्रदेश, नेपाल।

**विषय : पुरुष र महिला भलिबल प्रतियोगितामा टिम सहभागी पठाइदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकले खेल पर्यटन प्रवर्द्धन गराउने उद्देश्यका साथ सर्वाधिक पुरस्कार राशिको हाइ अल्टिच्युड (२५०० मि.) मा **'प्रदेश स्तरीय अन्तर पालिका अध्यक्ष कप पुरुष र महिला भलिबल प्रतियोगिता २०८०'** यही **चैत २३ गतेदेखि चैत ३० गतेसम्म** (मिति २०८० चैत २३ गतेदेखि २६ गतेसम्म पुरुष र मिति २०८० चैत २७ गतेदेखि ३० गतेसम्म महिला) हेलम्बु-२, सेर्माथाङ, सिन्धुपाल्चोकमा आयोजना गर्न गईरहेको व्यहोरा यहाँहरुमा सहर्ष जानकारी गराउँदै यस प्रतियोगितामा तहाँ स्थानीय तहबाट पुरुष र महिला टिमहरुलाई सहभागी गराई दिनु हुन अनुरोध गर्दछौं। सहभागिताको लागि धन्यवाद।

**<u>खेलका नियमहरु :</u>**

१. खेल FIVB को नियम अनुसार लिगकम नकआउटको आधारमा हुनेछ।
२. टिममा सम्बन्धित पालिकाको खेलाडी मात्र हुनुपर्नेछ।
३. एक टिममा १२ जना खेलाडी, १ जना प्रशिक्षक र १ जना व्यवस्थापक गरी जम्मा १४ जना हुनुपर्नेछ।
४. खेलाडीहरु अनिवार्य खेल पोशाकमा हुनुपर्नेछ।
५. खेलाडीहरुको यातायात, खाना, बस्नको व्यवस्था तथा अन्य खर्च टिम आफैले गर्नुपर्नेछ।
६. **टिम दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :** नागरिकता वा जन्मदर्ताको प्रतिलिपि, बसाइसराइ आएको भए खेलाडीको हकमा बसाइसराइको प्रमाण-पत्रको प्रतिलिपि, फोटो एक प्रति, सम्बन्धित पालिकाको सिफारिस पत्र, टिम दर्ता शुल्क जम्मा गरेको बैंक भौचरको प्रतिलिपि।
७. **टिम दर्ता अन्तिम मिति : २०८० चैत १९ गते सोमबार ५ बजेसम्म**
८. **टिम दर्ता शुल्क रु. १५,०००।- (पन्ध्र हजार रुपैयाँ मात्र) (टिम दर्ता शुल्क जम्मा गर्ने खाता :** GA.1.1 Helambu GA.PA. ANTARIK RAJASHO KHATA, खाता नम्बर : 17001400000079 (NIMB BANK)
९. **पुरस्कार :**

- **प्रथम पुरस्कार नगद रु. ३,००,०००।- (पुरुष), रु. ३,००,०००।- (महिला), ट्रफी, मेडल र प्रमाण-पत्र**
- **द्वितीय पुरस्कार नगद रु. १,५०,०००।- (पुरुष), रु. १,५०,०००।- (महिला), ट्रफी, मेडल र प्रमाण-पत्र**
- **तृतीय पुरस्कार नगद रु. ७५,०००।- (पुरुष), रु. ७५,०००।- (महिला), ट्रफी, मेडल र प्रमाण-पत्र**

उत्कृष्ट स्पाइकर, उत्कृष्ट सटर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट ब्लकर र उत्कृष्ट खेलाडीहरुलाई ट्रफी, मेडल, प्रमाण-पत्र प्रदान गरिनेछ।

१०. **प्रतियोगिता सञ्चालन हुने स्थान :** हेलम्बु गाउँपालिका वडा नं. २ सेर्माथाङ, सिन्धुपाल्चोक (२५०० मि. उचाई)

**थप जानकारीका लागि : सिताराम नेपाली (९८४९८३०९४३), छिरिङ ह्योल्मो लामा (९८५१०१७३२१), भिम बहादुर कार्की (९८५१०९०८५९), धन ध्वज लामा (९८४९७५२९५२)**

............................
**राजुभाइ श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सूचना तथा प्रविधि शाखा, हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक : बागमती प्रदेशका सबै स्थानीय तहहरुलाई इमेल पठाउनु हुन।